लोकतन्त्र संघियता समानता बन्धुत्व सामाजिक न्याय

# जन अधिकार पार्टी नेपाल

## केन्द्रिय कार्य समिति

## केन्द्रिय कार्यालय, बिरगंज

च. नं.

प.स.

मिति ____________

बिषय :- घोषणा पत्र

**संघियता, समृद्धि, सुशासन, सामाजिक न्यन र समाजवाद ।**

**संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल जिन्दावाद ॥**

**जाप नेपाल नै किन ?**

नेपाली समाजमा जातिय, वर्गीय तथा वर्ण लैङ्गिक र क्षेत्रीय आधारमा कायम रहेका असमानता, शोषण, उत्पीडन र विभेदलाई अन्त्य गर्न बहिष्करणमा पारीएका सिमान्तृक समुदायहरु : मधेशी, आदिवासी जनजाती, दलित, महिला, मुस्लिम, थारु, अल्पसंख्यक समुदाय, पिछडा वर्ग लगायत उतपीडित समुदाय/जातीहरुको उत्पिडन, शोषण र विभेदबाट मुक्तिका लागि जन अधिकार पार्टी नेपाल प्रतिबद्व रहेको छ । समावेशी लोकतन्त्र, समावेशी बिकास, समतामुलक समृद्वि र समान्यायिक रुपानतरणको अर्थ राजनीतिक मुद्दालाई सार्थक बनाउन संघिय समाजवादी लोकतान्त्रिक गणतन्त्रको वैकलपिक विचारधारा अनुरुप सशक्त वैकलपिक राजनीतिक शक्तिको रुपमा जन अधिकार पार्टी नेपालको निर्माण भएको हो । त्यसैले सबै प्रकारको विभेदको अन्त्य गरी समावेशी विकास समतामुलक समृद्विको सपना साकार पार्दै सामाजिक न्याय सहितको संघिय समाजवादी लोकतान्त्रिक गणतन्त्र नेपालको सपना सकार पार्न जाप नेपाल चाहिएको हो ।

**हाम्रा प्रतिबद्वताहरु**

१. समानता, स्वतन्त्रता, सामाजिक न्याय सहित सामाजवादी लोकतान्त्रिक गणतन्त्रको लक्ष्य प्राप्त गर्ने ।

२. पहितान सहितको संघियता र समावेशी राज्य निर्माण गर्न ।

३. समावेशी लोकतन्त्र र समतामुलक समाज निर्माण गर्न ।

४. पुर्ण समानुपातिक प्रतिनिधि सभा र प्रतिनिधि सभाद्वारा निर्वाचित प्रधानमन्त्रीय प्रणालीको व्यवस्था गर्न ।

५. न्याय प्रणालीयलाई संघिय पुर्नसंरचना गर्न ।

६. शक्तिशाली जनलोकपाल गठन गरी भ्रष्टाचारको अन्त्य गर्न ।

७. उत्पीडित जाती तथा समुदायहरुको हक, अधिकार र पहिचान सुनिश्चित गर्ने ।

८. नागरिकतामा बिधमान लैङ्गिक विभेदको अन्त्य र सबै नेपाली नागरिकलाई नागरिकता प्रदान गर्न ।

९. वर्तमान संविधानलाई संशोधन, परिमार्जन तथा पुनर्लेखन गरि संघिय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणलीलाई संस्थागत गर्न ।

१०. संविधान संशोधन गरि वर्तमान त्रुटीपूर्ण एवम अव्यवहारी ७ प्रदेश सहित को संघीय संरचनालाई वैज्ञानिक ढंगले पहिचान र सामर्थ्यका आधारमा पुनसंरचना गर्ने।

११. प्रादेशिक नीति योजना निर्माण कार्यन्वयन र श्रोत परिचालन गर्ने।

१२. प्राकृतिक र आर्थिक श्रोतको बाँडफाडमा प्रादेशिक एवं स्थानीय अधिकार कायम गर्ने।

१३. समाजमा व्याप्त रहेका गरिबी, बेरोजगारी र अशिक्षाको अन्त्य गरि शिक्षा, स्वास्थ्य, रोजगार, आवाश र सुरक्षामा सबैको समान अधिकार एवं पहुँचको प्रत्याभुति गराउन।

१४. प्रदेश सभाका लागि हुने प्रत्यक्ष निर्वाचन प्रणालीमा समावेशी प्रतिनिधित्व गराउन दलित, मुस्लिम र महिलाहरुका लागि छुटै आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गर्न।

१५. गरिब तथा बिपन्न बर्ग, दलित, मुस्लिम, महिला र पिछला वर्गलाई शिक्षा र रोजगारमा विशेष आरक्षणको व्यवस्था गर्न।

१६. राष्ट्रिय युवा नीति निर्माण गरि युवाहरु शारीरिक, भौतिक तथा मानसिक विकास गर्नुका साथै उनीहरुको भविष्य सुनिश्चित गर आवश्यक नीति तथा कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गर्न।

१७. मुलुकको आर्थिक विकास र समृद्धिका लागि स्वदेशी तथा विदेशी पुंजी र प्रविधि परिचाकनका लागि लगानी मैत्री वातावरण निर्माण गर्न।

१८. मुलुकको आर्थिक विकास, भौतिक एवं पूर्वाधार विकास, सामाजिक विकास, वातावरणीय विकास एवं विपद व्यवस्थापन र संस्थागत विकास एवं सुशासन अन्तरवस्तुहरु समेटिने गरि कार्यक्रमहरु संचालन गर्ने।

१९. प्रदेशको आर्थिक सामर्थ्य वृद्धिका सौ प्रादेशिक अर्थतन्त्रको आधारशिला तयार गरि कार्यान्वयन गर्ने।

२०. कृषि, उद्योग जलश्रोत, आन्तरिक तथा बाहय पर्यटनको विकास गरि मुलुकलाई विकसित एवम समृद्ध बनाउन।

२१. असहाय, अशक्त, वृद्ध वृद्धाहरुको सामाजिक सुरक्षाको जिम्मेवारी राज्यको नै हुने व्यवस्था गर्न।

२२. धर्म निरपेक्षता: सबै धर्म संविधान र कानुनका अगाडी समान हुनेछ। धर्म मानिसको व्यक्तिगत आस्था को विषय भएको हुनाले जनता आफ्नो आस्था अनुसार धर्म मान्न वा नमान्न स्वतन्त्र हुनेछन भने धर्म मान्ने त्यो व्यक्तिको निजि मामिला हुनेछ। राज्यले सबै धर्मको सहअस्तित्वलाई उतिकै समानका साथ् स्विकार गर्दै नेपाल राज्यलाई बहुधार्मिक राज्यकै रुपमा स्थापित गरिनेछ।

२३. कृषिका मौसमी बेरोजगारलाई सालमा १०० दिन काम दिने व्यवस्था गर्ने कम दिने नसके १०० दिन को मजदुरी मौसमी बेरोजगारहरुको खातामा पैसा पठाउने व्यवस्था मिलाउने छ।

२४. वैदेशिक रोजगारीमा गएकाहरुको जीवन सुरक्षाका लागि प्रत्येक बेरोजगारहरुको १० लाखको जीवन बिमा गरिने छ।

# जन अधिकार पार्टी नेपाल

## केन्द्रिय कार्य समिति

च. नं.

प.स.

## केन्द्रिय कार्यालय, बिरगंज

मिति ____________

२५. समानुपातिक समावेशिता देशका सबै समुदायहरुलाई राज्य संचालन तथा नीति निर्धारणमा समानुपातिक समावेशिताको हक हुनेछ । यस अनुसार आदिवासी जनजाती, मधेशी, थारु, खस आर्य, दलित, मुस्लिम, अल्पसंख्यक समुह लगायतका सबै समुदायहरुलाई राज्यका अंक तह र निकायहरुमा समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

२६. बहुलाबाद : सामाजिक अवाधरनामा सबै समुदायको भाषा, धर्म र संस्कृति र सभ्यतालाई राज्यले मान्यता दिने, संरक्षण गर्ने प्रबर्द्धन गर्ने नीति लिई बहुलवाद युक्त समाज निर्माण गरिनेछ।

२७. मानव अधिकार तथा लोकतन्त्रको विश्वव्यापी मुल्य मान्यताहरु आत्मासाथ् : मानव अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय विश्वव्यापी घोषणापत्र सहित अन्य मानव अधिकार तथा लोकतन्त्र सम्बन्धि विश्वव्यापी मुल्यमान्यताहरुलाई आत्मासाथ गर्दै सम्पूर्ण जनताको मानव अधिकार सुनिश्चित गरिन्छ।

२८. भुमि व्यवस्था : नेपाल का केहि समिति वर्गको सैक्डो हजारो बिघा जमिनमाथि अझै कब्जा जमाएका छन । बास योग्य एनाली जग्गाको ठुलो जोखा बाहिर छ। तै पनि आदिवासी जनजाती, दलित, मुस्लिम, कमैया, कमलरी, हलिया र सुकुम्बासी लगायतका समुदायमा ७९% जनता संग कुनै भुमि छैन । त्यस्तै ४०% मुस्लिम र करिब ४५% मधेशी दलित समुदायसंग पनि कुनै भुमि छैन ।

भुमिमाथि सबै नागरिकको समन्यायिक पहुँच स्थापित गर्न मुक्त कमैया, कमलरी, हलिया, दलित, सुकुबासी, आदिबासी जनजाती भुमिहिनलार्य भुमि उपलब्ध गराउने भूमिमा अव्यवस्थित बसोबास रोक्न कृषि योग्य खण्डिकरण रोक्न जग्गा भोझो रोक्न प्रवृति अन्त्य गर्ने ।

२९. स्वास्थ्य : सबै तहमा सबल स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनुश्चित गरिनेछ । स्वास्थ्य क्षेत्रलाई क्रमश : पूर्णत : राष्ट्रियकरण गर्दै युनिवार्शल हेल्थ केयरको अवधारणालाई लागु गर्ने नीति हुनेछ । सुत्केरी, बच्चा, अपांग, अशक्त र वृद्धहरुको हेरचारको लागि राष्ट्रिय नीति ल्याई लागु गरिनेछ ।

३०. युवा विकास : युवामा दक्षता र क्षमताको वृद्दिगर्दै उनीहरुलाई उधमशील रोजगार मुलक, आत्म निर्भर, स्वलम्बी र चरित्रवान बनाउदै शासकीय प्रक्रिया र सामाजिक, आर्थिक तथा संस्कृतिक रुपान्तरण सार्थक सहभागी गराइनेछ ।

३१. खेलकुद : खेलकुद को विकास र विस्तार गरि स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार पार्नु सबै क्षेत्रमा खेलकुदको मूल प्रवाहिकरणमा पर्ने तथा खेलकुद क्षेत्रलाई प्रतिस्पर्धी र व्यवसायिक बनाइने नीति लिईनेछ।

३२. मानव संसाधन विकास : देशमा रहेका १५ देखि ४० बर्षका ४०.३५% युवाहरुलाई वर्तमान मानव संसाधनको अवस्थालाई मुल्यांकन गर्दै देशलाई आवश्यक तथा श्रमबजारको माग बमोजिमको गुणस्तरीय व्यवसायिक प्रविधि शिक्षा र सिपमुलक तालिम दिएर द जनशक्तिमा परिणत गर्ने नीति रहनेछ ।

३३. करार नियुक्ति आरक्षण : संघ, प्रदेश र स्थानीय निकायहरुमा करारको नियुक्तिमा समानुपातिक समावेशी आरक्षण लागु गराइने छ ।

३४. नेपाल प्रहरी, शास्त्र प्रहरी र राष्ट्रिय अनुशन्धान विभागमा साप्ताहिक अवकास लागु गराइनेछ ।